# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५ )जनकपुरधाम,नेपाल, पौष ०१ गते,२०७८साल(अतिरिक्ताङ्क ५

भाग २

## मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संञ्चालन कार्यविधि) नियमावली (दोस्रो संशोधन), २०७८

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संञ्चालन कार्यविधि), नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संञ्चालन कार्यविधि) नियमावली (दोस्रो संशोधन), २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल नियमावलीको नियम २ (छ) मा संशोधनः</u>** प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संञ्चालन कार्यविधि), नियमावली, २०७७ (यस पछि मूल नियमावली भनिएको ) को नियम २ (झ) मा रहेको "**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको**" को सट्टा "**भौतिक पूर्वाधार विकास मन्त्रालय**" राखिएको छ ।

३. **<u>मूल नियमावलीको नियम २ (झ) मा संशोधनः</u>** प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संञ्चालन कार्यविधि), नियमावली, २०७७ (यस पछि मूल नियमावली भनिएको ) को नियम २ (झ) मा रहेको "**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको**" को सट्टा "**भौतिक पूर्वाधार विकास मन्त्रालय**" राखिएको छ ।

४. **<u>खारेजीः</u>** मूल नियमावलीको नियम १६ खारेज गरिएको छ ।

आज्ञाले,
हरिप्रसाद मैनाली
प्रमुख सचिव



कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय,मधेश प्रदेश बाट प्रकाशित